नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

२६ फागुन २०७८

# प्रेस वक्तव्य

आज मिति २०७८ फागुन २६ गते विहान ७ बजे संखुवासभा जिल्ला मादी नपाबाट इटहरी जानेक्रममा बा४ख ७३५ नम्बरको रेशम फिलिलि बस मादी नपा-६ को सात घुम्ती भन्ने स्थानमा दुर्घटना हुँदा १४ जना यात्रुको घटनास्थलमै मृत्यु भएको र ५ जना सख्त घाइते भएको घटनाले हाम्रो पार्टी स्तब्ध र मर्माहत भएको छ। तत्काल घाइतेको उद्धार र उपचार गर्न/गराउन माग गर्दछ ।

दुर्घटनामा परी मृत्युवरण गर्नुभएका प्रति नेकपा (एमाले) हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै सख्त घाइतेहरूको स्वास्थ्यलाभको कामना गर्दछ । साथै, यातायातको संचालन, सडकको दुरावस्थाको अनुगमन र निरीक्षण गरी आगामी दिनमा यस्ता दुर्घटना हुन नदिन गम्भीर ध्यानाकर्षण गर्दछ ।

............................
डा. भीष्म अधिकारी
सचिव
केन्द्रीय कार्यालय

थापाथली, काठमाडौं, फोन: +९७७ १ ५९०८११४, ५९०८२१४, ५९०८३१४, फ्याक्स: +९७७ १ ४०१५९८०, पो.ब.नं.: ५४७१, ईमेल : office@cpnuml.org, वेबपेज: www
Thapathali, Kathmandu, Nepal, Phone: +977 1 5908114, 5908214, 5908314, Fax: +977 1 4015980, PO Box No. 5471, Email: office@cpnuml.org, Website: www